## प्रमाण ऐन, २०३१ लाई संशोधन गर्ने प्रयोजनार्थ तयार गरिएको

## तिन महले

| क. सं. | मौजुदा व्यवस्था | संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | दफा २परिभाषा :<br>खण्ड(ग) "सार्वजनिक लिखत" भन्नाले नेपाल सरकार वा कुनै संवैधानिक निकाय वा पदाधिकारी वा अदालत वा कानुन बमोजिम संगठित सार्वजनिक संस्थाका कार्यालयमा अभिलेखको रूपमा रहेको किताब, श्रेस्ता वा अन्य लिखतलाई सम्झनु पर्छ । | खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-<br>"(ग) "सार्वजनिक लिखत" भन्नाले प्रचलित कानून वमोजिम सार्वजनिक लिखत मानिने लिखत सम्झनु पर्छ र सो शब्दले त्यस्तो लिखतको डिजिटल वा विद्युतीय स्वरुप समेतलाई जनाउँछ ।<br>(२) खण्ड (ग) पछि देहायका खण्ड "(घ)" र "(ङ)" थपिएका छन् :-<br>"(घ) "कानून व्यवसायी" भन्नाले वरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्तालाई सम्झनु पर्छ र सो शब्दले सरकारी वकील समेतलाई जनाउंछ ।<br>(ङ) "न्यायाधीश"भन्नाले जिल्ला अदालत, उच्च अदालत वा सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अन्य न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।" | सार्वजनिक अभिलेख विद्युतीय स्वरुपमा पनि रहन सक्ने भएकोले त्यसलाई समेत समावेश गर्न वान्छनीय भएकोले ।<br><br>कानून व्यवसायी शब्दलाई परिभाषित गर्नुपर्ने भएकोले ।<br><br>न्यायाधीश भन्ने शब्दलाई परिभाषित गर्नुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| २. | | दफा ५ को,-<br>(१) उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (ग१), (ग२) र (ग३) थपिएका छन् :-<br>"(ग१) नेपालको राष्ट्रिय गान,<br>(ग२) नेपालको निसाना छाप,<br>(ग३) नेपालका राष्ट्रिय विभुति,"<br>(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-<br>"(२क) उपदफा (२) को अवस्थामा बाहेक अदालतले न्यायिक जानकारीमा लिने विषयमा पक्षले प्रमाण पुऱ्याउनु पर्ने छैन ।" | अदालतले स्वयं जानकारीमा लिने राष्ट्रिय महत्वका थपविषय समावेश गर्नुपर्ने भएकोले ।<br>अदालतले न्यायिक जानकारीमा लिनेविषयमा सामान्यतः पक्षले प्रमाण पुर्‍याउनु आवश्यकनभएकाले । |
| ३. | | ऐनको दफा ६ को,-<br>(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :<br>"(घ१) पति र पत्नीको मञ्जुरीले कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको हो भनि अदालतले अनुमान गर्नेछ ।"<br>(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) र (ङ२) थपिएका छन् :<br>"(ङ१) डिजिटल वा विद्युतिय कारोवारबाट सम्झौता वा लिखत भएकोमा रित पूर्वक नै सम्झौता वा लिखत भएको अदालतले अनुमान गर्नेछ । | कृत्रिम गर्माधान प्रणलीद्वारा जन्मिएको शिशुको पितृत्वको विवाद भएमा पितृत्वको एकिन गनुपर्ने भएकोले ।<br>डिजिटल वा विद्युतीय माध्यमबाट समेत सम्झौताहुने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | (ङ२) डिजिटल वा विद्युतीय हस्ताक्षरबाट कारोवार भएकोमा रितपूर्वक नै हस्ताक्षर भएको अदालतले अनुमान गर्नेछ।"<br><br>(३) खण्ड (च) मा रहेका "विदेशी राज्यको सरकारबाट" भन्ने शब्दहरु पछि "प्राप्त भएका प्रमाण" भन्ने शब्दहरु थपिएका छन्।<br><br>(४) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :-<br>"(छ) सामूहिक रुपमा भएको करणी छ महिना भन्दा बढी अवधिकी गर्भवती,शारीरिक रुपमा हिडँडुल गर्न नसक्ने अशक्त, अपाङ्गता भएकी, श्रवण शक्ति गुमाएकी, दृष्टि विहिन, बोल्न नसक्ने र होस ठेगान नभएकी महिलालाई भएकोकरणीलाईजवर्जस्ती करणी भएको अदालतले अनुमान गर्नेछ।" | विद्युतिय हस्ताक्षरले कानूनी मान्यता प्राप्त गरेकोले।<br><br>पारस्परिक कानूनी सहायता सम्वन्धी कानूनी व्यवस्थासंग मिलाउनु पर्ने भएकोले।<br><br>संवेदनशील अवस्थामा रहेका महिला माथि भएको करणीका सम्वन्धमा सामान्यतया महिला सहमति दिन नसक्ने हुँदा सो कुरा अदालतले अनुमान गर्नुपर्ने भएकोले। |
| ४. | | दफा ७ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :<br>"(ख१) कुनै गैर कानूनी वस्तु कसैको साथमा रहेकोमा त्यस्तो वस्तु निजले गैर कानूनी हो भन्ने थाहा पाएर नै राखेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ।" | आफ्नो साथमा रहेको गैर कानूनी मानिने वस्तु कसरी प्राप्त भएको होसोस्वयं आफैले लिनु नै पर्ने भएकोले। |
| ५. | दफा ८ प्रमाणमा लिन हुने कुराहरू: | दफा ८ मा रहेको "मात्र" भन्ने शब्द झिकिएको छ। | स्पष्ट पारिएको। |

| | | | |
|---|---|---|---|
| | दफा ३ बमोजिम मुद्दामा प्रमाण बुझ्दा यस परिच्छेद बमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरूमात्र प्रमाणमा लिन हुन्छ । | | |
| ६. | - | दफा ९ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (३) पछि देहायको उपखण्ड (४) थपिएको छ :-<br>"(४) निजले कसूर स्वीकार गरी बयान गरेकोमा त्यस्तो बयान निजले स्वेच्छाले गरेको हो र सो कुरा मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको ।" | बयान स्वतन्त्र प्रमाणबाट पुष्टिहुनुपर्ने भएकोले । |
| ७. | | दफा ९क थपिएको छ :-<br>"९क. अभियुक्तले गरेको साविति : दुई वा दुई भन्दा बढी व्यक्तिले कुनै कसूर गरेकोमा त्यस्ता व्यक्तिहरु मध्ये कुनै व्यक्तिले वा सबैले अदालतमा उपस्थित भई गरेको सावितिलाई अदालतले कसूर गर्ने व्यक्तिका विरुद्ध प्रमाणमा लिन हुन्छ ।" | सहअभियुक्तकोबयानलाई प्रमाणमा लिनुपर्ने देखिएकोले । |
| ८. | दफा ११. मरेको व्यक्तिले होस् छँदै व्यक्त गरेको कुरा : कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस् छँदै आफ्नो मृत्युको कारणका सम्वन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ । | दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छ :-<br>"११. मृत्युकालीन उद्घोषण : कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ ।" | मौजुदा मृत्युकालीन उद्घोषणालाई स्पष्ट पार्न भाषागतरुपमा परिमार्जन गर्न आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| ९. | | दफा १३ पछि देहायको दफा १३क. थपिएको छ :-<br>"१३क. श्रव्य-दृश्य माध्यम (भिडियो कन्फरेन्स) मार्फत अभिलेख भएको विवरण : (१) श्रव्य-दृश्य माध्यमबाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हन्छ ।<br>(२) उपदफा (१) को प्रयोजनका लागि श्रव्य-दृश्य माध्यम मार्फत अभिलेखित कुराहरु सोही रुपमा वा लिपीवद्ध गरी अदालतले अभिलेख राख्न सक्नेछ ।" | विज्ञान र प्रविधिको विकाससंगै श्रव्य दृश्यका माध्यमबाट पनि प्रमाण अभिलेखमा रहन सक्ने हुँदा सो विषय समावेश गर्न वान्छनीय भएकोले । |
| १०. | दफा १४ नियमित रूपमा राखिएका खाता, बही, किताब वा अन्य श्रेस्तामा जनिएका कुराहरू : कुनै काम, कारवाई वा व्यवसायको सिलसिलामा नियमितरूपमा राखिएको खाता, बही, किताब वा अन्य श्रेस्तामा नियमितरूपमा चढाएको वा जनाएको कुनै कुरा वा सो काम, कारोबार वा व्यवसायका सम्वन्धमा लेखेको चिठ्ठीपत्र, भरपाई, चलानी वा अन्य कुनै विवरण प्रमाणमा लिन हुन्छ । | दफा १४ को ठाउँ ठाउँमा रहेका "किताव वा" भन्ने शब्दहरु पछि "डिजिटल वा विद्युतिय माध्यमबाट राखिएका विवरण वा" भन्ने शब्दहरु थपिएका छन् । | स्याहा, श्रेस्ता र लेखा विद्युतीय स्वरुपमा पनि रहन सक्ने भएकोले । |
| ११. | दफा १८.तहकिकात वा जाँचबुझको सिलसिलामा तयार भएका लिखत : कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा भएको | दफा १८ को,-<br>(१) ठाउँ ठाउँमा रहेका "तहकिकात" भन्ने शब्दको सट्टा "अनुसन्धान" भन्ने शब्द राखिएको छ । | "तहकिकात" को सट्टामा अनुसन्धानमात्र प्रयोग भएकोलेकानून वमोजिम |

| | | | |
|---|---|---|---|
| | तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानुनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ ।<br>तर,<br>(२) दफा १८ को प्रतिबन्धात्मक बाक्यांसको खण्ड<br>(क) शव परीक्षाको प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट) मा सम्वन्धित विशेषज्ञले उल्लेख गरेको कुनै कुराका सम्वन्धमा मुद्दाका पक्षहरूका बीचमा कुनै विवाद नभएमा वा सो कुरा मिसिलमा देखापरेको कुनै प्रमाण वा कुनै वस्तुस्थितिसँग असंगत नदेखिएमा सो विशेषज्ञ अदालतमा उपस्थित नभए पनि सो कुरा प्रमाणमा लिन हुन्छ ।<br>दफा १८ को प्रतिबन्धात्मक बाक्यांसको खण्ड(ख) मुद्दाको पुर्पक्ष गर्दा अभियुक्तलाई थुनछेक | (२) प्रतिबन्धात्मक बाक्यांशको खण्ड (क) मा रहेका “शव परीक्षाको प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट)” भन्ने शव्दहरुको सट्टा “शव परीक्षण प्रतिवेदन (अटप्सी रिपोर्ट)” भन्ने शब्दहरु राखिएका छन् ।<br><br>(३) प्रतिबन्धात्मक बाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-<br>“(ख) सम्बन्धित व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गरी सकेको नभए तापनि थुनछेक प्रयोजनको लागि कानून बमोजिम अधिकारप्राप्त अधिकारीले संकलन गरेका कागजात,लिखत, मुचुल्का, दशी प्रमाण, कुनै विषयको परीक्षण प्रतिवेदन,विशेषज्ञको राय वा प्रतिवेदन, विद्युतिय प्रमाण वाबयान प्रमाणमा लिन हुन्छ ।” | एकरुपताका लागि ।<br><br>प्रचलित कानून वमोजिम एकरुपता कायम गर्नु पर्ने भएकोले ।<br><br>भाषागत रुपमापरिमार्जन गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | गर्ने प्रयोजनको लागि अधिकार प्राप्त अधिकारीले गराएको लास जाँच मुचुल्का र मौका तहकिकात सरजमीन मुचुल्का सो मुचुल्कामा उल्लेख भएका कुराहरू व्यक्त गर्ने व्यक्तिहरू साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान नगरे पनि थुनछेकको लागि प्रमाणमा लिन हुन्छ । | | |
| १२. | दफा २०. को प्रतिबन्धात्मक बाक्यांसमा,- तर त्यस्तो टिप्पणी वा प्रतिवेदन सम्बन्धित ठाउँ वा कार्यालयमा रीतपूर्वक जाहेर भै दर्ता भएको हुनुपर्छ । | दफा २० को प्रतिबन्धात्मक बाक्यांसमा रहेका "जाहेर भै" भन्ने शब्दको सट्टा "पेश गरी" भन्ने शब्दहरु राखिएका छन् । | "जाहेर" शब्दलाई पेश शब्दबाट प्रतिस्थापन गर्न वान्छनीय भएकोले शब्द रुपान्तर गरिएको । |
| १३. | दफा २१. <u>प्रमाण लाग्ने अन्य लिखत</u> : दफा ९ देखि २० सम्ममा उल्लेख भएका लिखत बाहेक अन्य कुनै लिखत सो लिखत छ भन्ने कुराको प्रमाणको रूपमा लिन हुन्छ । | दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-<br>"२१. <u>प्रमाण लाग्ने अन्य लिखत</u>: दफा ९ देखि २० सम्ममा उल्लेख भएका लिखतका अतिरिक्त अन्य कुनै लिखत भए त्यस्तो लिखत प्रमाणको रूपमा लिन हुन्छ ।" | |
| १४. | दफा २२. <u>दशी प्रमाण</u> : साक्षीले अदालतका समक्ष सनाखत गरेको मुद्दासँग सम्वन्धित जुनसुकै दशी वा चीज वस्तु प्रमाणमा लिन | दफा २२ मा रहेका "दशी वा चीज वस्तु" भन्ने शब्दहरुको सट्टा "वस्तु दशीको रुपमा" भन्ने शब्दहरु राखिएका छन् । | सारवान कुरालाई यथावत राखी भाषागत रुपमा स्पष्ट पार्न मिलाइएको । |

| | | | |
|---|---|---|---|
| | हुन्छ । | | |
| १५. | दफा २३. व्यक्तिगत राय : (१) अदालतले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्वन्धमा राय यकीन गर्नु परेमा सो सम्वन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ । | दफा २३ को ठाउं ठाउंमा रहेका "राय यकिन" भन्ने शव्दहरुको सट्टा "यकिन" भन्ने शब्द राखिएको छ । | भाषागत रुपमा मिलाइएको । |
| १६. | दफा २५. कसूर प्रमाणित गर्ने भार : फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ । | दफा २५ मा रहेका "आफ्नो" भन्ने शव्द झिकिएको छ । | थप स्पष्ट गर्नुपर्ने भएकोले । |
| १७. | दफा २६. दाबी प्रमाणित गर्ने भार : देवानी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार वादीको हुनेछ । | दफा २६ मा रहेका "आफ्नो दावी" भन्ने शव्दहरु पछि "वा प्रतिदावी" भन्ने शब्दहरु थपिएका छन् । | सन्दर्भले प्रतिवादी पनि बादी दावी हुन सक्ने हुँदा प्रचलित कानून वमोजिम एकरुपता कायम गर्न । |
| १८. | दफा ३२ कुनै व्यक्ति जीवित छ भन्ने कुरा प्रमाणित गर्ने भार : कुनै व्यक्ति जीवित छ वा निजको मृत्य भैसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्वन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्वन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन भन्ने | दफा ३२ मा रहेका "बाऱ्ह वर्षदेखि"भन्ने शव्दहरुको सट्टा "कानून बमोजिम मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भई सकेपछि पनि" भन्ने शब्दहरु राखिएका छन् । | कुनै व्यक्तिको मृत्युको अनुमानका सम्बन्धमा प्रचलित कानून वमोजिम एकरुपता कायम गर्न । |

| | | | |
|---|---|---|---|
| | प्रमाणित भएमा, निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नु पर्छ । | | |
| १९. | ३५. <u>लिखतको प्रमाण</u> : (१) कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नु पर्छ । | दफा ३५ को उपदफा (१) पछि देहायको स्पष्टिकरण थपिएको छ :-<br>(१) "<u>स्पष्टिकरण</u> : यस दफाको प्रयोजनको लागि "लिखत" भन्नाले डिजिटल वा विद्युतीय अभिलेखमा रहेका कुनै विषय वा त्यसको छापिएको वा भण्डारण गरिएको अप्टिकल वा इलेक्टो-म्याग्नेटिक स्वरुपमा रहेको डिजिटल वा विद्युतीय सामाग्री वा त्यस्ता सामाग्रीका प्रतिलिपी समेतलाई जनाउनेछ ।"<br>(२) उपदफा (३) मा रहेका "यस दफाका अन्य उपदफामा" भन्ने शब्दहरुका सट्टा "यस दफामा" भन्ने शब्दहरु र "आदेश" भन्ने शब्द पछि "वा अभिलेख" भन्ने शब्दहरु थपिएका छन् । | शब्दको अर्थ स्पष्ट गनुपर्ने भएकोले । |
| २०. | | मूल ऐनमा परिच्छेद ७ पछि देहायको परिच्छेद ७क. थप गरी देहायका दफा ३७क., ३७ख. र ३७ग. थपिएका छन् :-<br>"परिच्छेद -७क.<br><u>प्रमाणको प्रस्तुति</u><br>"३७क. <u>श्रव्य-दृश्य संवाद मार्फत मौखिक प्रमाण बुझ्ने</u> : | समय सापेक्ष प्रमाण बुझ्नु पर्ने |

| | | | |
|---|---|---|---|
| | | अदालतले उचित ठानेमा श्रव्य-दृश्य संवाद मार्फत मौखिक प्रमाण बुझ्न सक्नेछ ।<br>३७ख. <u>प्रमाण पेश गर्नु पर्ने</u> : वादीले उजुरी वा फिरादपत्रमा, अभियुक्तले निजको बयानमा र प्रतिवादीले प्रतिउत्तर पत्र वा प्रतिदावीमा आफ्ना सबै साक्षी, लिखत र दसी प्रमाण खुलाउनु पर्नेछ ।<br>३७ग. <u>पक्षले साक्षी उपस्थित गराउनु पर्ने</u> : (१) अदालतले तोकेको दिन सम्वन्धित पक्षले आफ्नो साक्षी उपस्थित गराउनु पर्नेछ ।<br>(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दाकै बखत प्रतिवादीहरु उपस्थित भई वादी वा प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दाकै बखत आ-आफ्ना साक्षी अदालतमा उपस्थित गराउन बाधा पर्ने छैन ।” | भएकोले ।<br><br>मुद्दामा को कसले कुन समयमा प्रमाण पेश गर्नुपर्ने भनि तोकिएको ।<br><br>मुद्दाका पक्ष स्वयंले साक्षी उपस्थित गराउन सक्ने व्यवस्थाका लागि । |
| २१. | दफा ३८. <u>साक्षी हुन सक्ने व्यक्ति</u> : कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनि | दफा ३८ मा रहेको “मतियार” भन्ने शब्द पछि “वा सह अभियुक्त” भन्ने शब्दहरु थपिएका छन् । | प्रचलित कानून वमोजिमशब्द मिलाइएको । |

| | | | |
|---|---|---|---|
| | अदालतले ठहराएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ । | | |
| २२. | दफा ४१. लोग्नेस्वास्नीका बीचको कुरा प्रकट गर्न नहुने : कुनै लोग्नेले स्वास्नीलाई वा स्वास्नीले लोग्नेलाई आफ्नो दाम्पत्य सम्वन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै करा प्रकट गर्न कर लाग्ने छैन र त्यस्तो लोग्ने र स्वास्नीका बीचमा परेको कुनै मुद्दामा वा त्यस्तो लोग्ने वा स्वास्नीले स्वास्नी वा लोग्नेका बिरुद्ध कुनै अपराध गरेको सिलसिलामा श्री ५ को सरकार वादी भई चलेको कुनै फौज्दारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न लोग्ने वा स्वास्नीले अनुमति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न हुँदैन । | दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ :-<br>“४१. पति- पत्नीका बीचको कुरा प्रकट गर्न नहुने : (१) कुनै पतिले पत्नीलाई वा पत्नीले पतिलाई निजको दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै कुरा प्रकट गर्न वा त्यस्तो अवस्थामा एक आपसमा भएका पत्राचार प्रस्तुत गर्न कर लाग्ने छैन ।<br>(२) कुनै पति र पत्नी वीच परेको कुनै मुद्दामा वा त्यस्तो पति वा पत्नीका विरुद्ध कुनै कसूर गरेको सिलसिलामा नेपाल सरकारवादी भई चलेको कुनै फौजदारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न वा त्यस्तो पत्राचार प्रस्तुत गर्न त्यस्तो पति वा पत्नीले स्वीकृति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न वा प्रस्तुत गर्न सकिने छैन । | पति र पत्नीबीच प्रकट गर्न नहुने विषयमा दाम्पत्य जीवन कायम रहेको अवस्थामा भएका पत्राचार समेतलाई जनाउने हुनाले त्यस्तो विषयलाई समावेश गर्न वान्छनीय भएकोले । |

| | | | |
|---|---|---|---|
| २३. | दफा४४क.प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको जानकारीको स्रोत प्रकट गर्न कर नलाग्ने : कुनै प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको आफूलाई कुनै तवरले प्राप्त भएको जानकारीको श्रोत प्रकट गर्न कर लाग्ने छैन । | दफा ४४क. मा देहायको प्रतिबन्धात्मक बाक्यांस थपिएको छ :- "तर प्रहरी डायरीका सम्वन्धमा प्रचलित कानून वमोजिम हुनेछ ।" | अन्य प्रचलित कानून वमोजिम मिलाइएको । |
| २४. | दफा ४६. कुनै व्यक्ति र निजको व्यवसायिक कानूनी सल्लाहकारको बीचमा भएको कुरा प्रकट गर्न पक्षलाई कर नलाग्ने : कुनै व्यक्ति र निजको व्यवसायिक कानूनी सल्लाहकारको बीचमा के कस्तो कुरा वा जानकारी आदान प्रदान भयो भनि प्रकट गर्न सो व्यक्तिलाई कर लगाइने छैन । | दफा ४६ को ठाउँ ठाउँमा रहेका "व्यावसायिक" भन्ने शब्द झिकिएको छ । | व्यावसायिक शब्द असान्दर्भिक भएकोले भाषागत रुपमा मिलाइएको । |
| २५. | दफा ४८. साक्षी पेश गर्ने र बकाउने : प्रचलित नेपाल कानूनका अधिनमा रही अदालतले निर्धारित गरेको क्रम अनुसार साक्षी पेश गरिने र बकाइनेछ । | दफा ४८ मा रहेका "साक्षी पेश गरिने र बकाइने छ ।" भन्ने शब्दहरुको सट्टा "साक्षी उपस्थित गराई बकपत्र गराउनु पर्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् । | भाषागत रुपमा मिलाइएको । |

| | | | |
|---|---|---|---|
| २६. | दफा ५०. सोधपूछ र जिरह : (१) कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपूछ गर्न सक्नेछ । त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम अर्को पक्षले जिरह गरी सकेपछि जुन पक्षको साक्षी हो सो पक्षले सो साक्षीसँग पुनः सोधपूछ गर्न सक्नेछ ।<br>तर सो बमोजिम कुनै पक्षले आफ्नो साक्षीसँग पूनः सोधपूछ गर्दा आफ्नो विपक्षले गरेको जिरहसँग सम्वन्धित कुरामा मात्र सोधपूछ गर्न सक्नेछ ।<br>(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम अदालतले कुनै पक्षलाई आफ्नो साक्षीसँग कुनै सूचक प्रश्न सोध्ने अनुमति दिंदा अदालतको बिचारमा सो प्रश्न परिचायक, विवादरहित वा सो प्रश्नसँग सम्वन्धित कुरा पूर्णरूपमा प्रमाणित भै सकेकोछ भन्ने लागेमा मात्र अनुमति दिनेछ । | दफा ५० को,-<br>(१) उपदफा (१), (२) र (६) मा रहेका “सो पक्षले” भन्ने शब्दहरुको सट्टा “सोही पक्षले” भन्ने शब्दहरु राखिएका छन् ।<br>(२) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएका छन :-<br>“(५क) यस दफा बमोजिम सोधपुछ र जिरह गर्दा कुनै अभियुक्तले अर्को कुनै अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्नेछ ।<br>(५ख) उपदफा (५क) वमोजिमको पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनु भन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्नेछ ।<br>(५ग) उपदफा (२), (३), (४), (५), (५क) र (५ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि जवर्जस्ती करणी वा जवर्जस्ती करणीको उद्योग, मानव बेचविखन र यौनजन्य हिँसाको मुद्दामा जिरह गर्दा महिलाको नैतिकता वा चरित्रका विषयमा कुनै प्रश्न सोध्न सकिने छैन ।” | भाषागत रुपमा मिलाइएको ।<br>सहअभियुक्तलाई बुझ्न र जिरह गर्न सकिने कार्यविधिगत व्यवस्थालाई स्पष्ट पारिएको ।<br>केही खास मुद्दामा महिलाको संवेदनशीलतालाई विचार गरी नैतिकता र चरित्र सम्बन्धी विषयमा प्रश्नलाई नियमन गर्ने वान्छनीय भएकोले ।<br>तर्जुमाको दृष्टिकोणबाट परिमार्जन हुन आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| | (६) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपूछ नगरी अदालतबाट सोधपूछ गरियोस् भनि लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिनेछ र त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।<br>तर,<br>(क) यस उपदफा बमोजिम अदालतले कुनै साक्षीसँग सोधपूछ गरेकोमा जुन पक्षको साक्षी हो सो पक्षले सोधपूछ वा पुनः सोधपूछ गर्न पाउने छैन ।<br>(ख) कुनै पक्षले आफ्नो साक्षीहरू मध्ये कुनैसँग खण्ड (क) बमोजिम आफैंले सोधपूछ गर्न र कुनैसँग यस खण्ड अनुसार अदालतबाटै सोधपूछ गरियोस् भनि दरखास्त दिन पाउने छैन । | (४) उपदफा (६) मा रहेका “माथिका उपदफाहरुमा” भन्ने शब्दहरुको सट्टा “यस दफामा अन्यत्र” भन्ने शब्दहरु राखिएका छन । | |

| | | | |
|---|---|---|---|
| २७. | दफा ५१. साक्षीसँग अनुचित प्रश्न सोध्न अदालतले मनाही गर्न सक्ने : कुनै साक्षीलाई अनावश्यक रूपमा बेइज्जत गर्ने वा झिकाउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नेछ । | दफा ५१ मा रहेका “मनाही गर्नेछ ।” भन्ने शब्दहरुको सट्टा “रोक लगाउन सक्नेछ ।” भन्ने शब्दहरु राखिएका छन् । | भाषागत रुपमा मिलाइएको । |
| २८. | दफा ५२. विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने : हस्ताक्षर, ल्याप्चे, बिदेशी कानून, विज्ञान, रीति रिवाज, कला वा यस्तै अन्य विषय सम्वन्धी कुरा यकीन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्वन्धमा विशेष दक्षता, अनुभव, वा तालीम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनु पर्छ । | दफा ५२ मा रहेका “कला वा” भन्ने शब्दहरुको सट्टा “कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा” भन्ने शब्दहरु राखिएका छन् ।<br><br>दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छ :-<br>“५२क. विशेषज्ञ साक्षी बुझ्ने व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको दरखास्त निजले पेश गरेमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्नेछ । | थप स्पष्ट गर्नु परेकोले ।<br><br>विशेषज्ञ साक्षी बुझ्ने सम्वन्धमा फरक व्यवस्था गर्नुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| २९. | | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारवादी भएको जघन्य वा गम्भीर फौजदारी कसूर सम्वन्धी कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यू भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट बिशेषज्ञ राय बुझ्न सकिनेछ।" | |
| ३०. | दफा ५३. अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्ने : अदालतले साक्षीसँग आवश्यक देखेमा जुनसुकै प्रश्न सोध्न सक्नेछ। | दफा ५३को सट्टा देहायको दफा ५३ राखिएको छ :<br>"५३. अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्ने : यस ऐन बमोजिम साक्षी परीक्षण गर्दा अदालतले साक्षीलाई सम्बद्ध विषयसँग सम्बन्धित आवश्यक जुनसुकै प्रश्न सोध्न सक्नेछ।" | अदालतलेसम्बद्ध विषयसँग सम्बन्धित प्रश्न सोध्न सक्ने विषय ब्यापक बनाउन। |
| ३१. | | बचाउ : यो ऐन प्रारम्भ हुनु अघि प्रचलित प्रमाण कानून वमोजिम बुझिसकिएको प्रमाण यसै ऐन वमोजिम बुझिएको मानिनेछ। | पहिले भए गरेको कामलाई बचाउ गनुपर्ने भएकोले। |